**संघीय संसद**
**राष्ट्रिय सभा**
**चौथो अधिवेशन**
**बैठक - ३५**
**सूचना पत्र - २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ श्रावण २९ गते बुधबार**

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको पैंतीसौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **अपरान्ह १:०५** बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले "शून्य समय" मा बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई एक मिनेटभित्र आफ्ना भनाइ राख्न समय दिनुभयो :

**मा. अनिता देवकोटा**ले मानव बेचबिखन तथा ओसारपसारलाई रोक्न नेपालसँगै अन्तर्राष्ट्रिय पारस्परिक सहयोगको आवश्यकता पर्ने बताउनुहुँदै महिला तथा बालबालिकालाई बेचबिखनका लागि रोक्ने, दबाउने र सजाय गर्ने सम्बन्धी संयुक्त राष्ट्र संघीय उपलेखलाई अनुमोदन गरेमा विदेशमा बेचिएका नेपालीहरूलाई संरक्षण प्रदान गर्नुका साथै अन्तर्राष्ट्रिय पारस्परिक सहयोगको सुनिश्चितता हुने भएकोले नेपालले यस उपलेखलाई अनुमोदन गर्ने प्रस्ताव शीघ्र प्रक्रियामा लैजानुपर्नेमा जोड दिनुभयो ।

**मा. उदया शर्मा/पौडेल**ले निजी विद्यालयहरूको मनोमानीले अभिभावक वर्ग पीडित भएको तथ्य उजागर गर्नुहुँदै विद्यालयहरूले चर्को मासिक शुल्कका अतिरिक्त माथिल्लो कक्षामा प्रवेश गर्दा भर्ना शुल्क लिन नपाइने नीति विपरीत शुल्क लिइरहेका, कम्प्यूटर, प्रयोगशाला, पुस्तकालय, खेलकुद, नृत्य जस्ता विषयमा समेत शुल्क लिइरहेकाले यस्ता समस्याको समाधान गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो ।

**मा. कमला कुमारी ओली**ले कैलाली जिल्लाको मोहन्याल गाउँपालिकामा वि.सं. २०३६ सालमा नापी भई जग्गाको लालपूर्जा जनताको हातमा रहेको तर हालसम्म जनताले नक्सा नपाउँदा धितो बन्धक राखेर कुनै पनि कार्य गर्न नपाएकाले त्यहाँका जनतालाई उक्त जग्गाको नक्सा शीघ्र उपलब्ध गराउन सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

**मा. खिम कुमार वि.क.** ले सुकुमवासी र हुकुमवासीको अतिक्रमणका कारण पोखरा, पृथ्वी चोकस्थित १८१ रोपनीमा फैलिएको बसपार्क साँघुरिँदै गएको बताउनुहुँदै वास्तविक सुकुमवासीको व्यवस्थापन गर्दै हुकुमवासीहरूको पहिचान गरी आवश्यक कारबाही गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. चक्र प्रसाद स्नेही**ले कञ्चनपुर जिल्लाको दोधारा-चाँदनी नगरपालिकामा नेपाली नोटको कारोबार नभई सबै भारतीय नोटको मात्र कारोबार भएकोले उक्त क्षेत्रमा नेपाली नोटको कारोबार हुने व्यवस्था मिलाउन सरकारको ध्यान आकृष्ट गराउनुहुँदै मुलुकका मुख्य शहरहरूमा विद्युतीय ट्राफिकको व्यवस्था गर्न सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

**मा. कोमल वली**ले सरकारले बौद्धिक अपाङ्गता, दृष्टिविहीन अपाङ्गता र बहिरा अपाङ्गता भएका बालबालिकालाई आवासीय शिक्षाको व्यवस्था गरेको तर शारीरिक रूपले अति अशक्त अपाङ्गता भएका बालबालिकाहरू जो घरबाट आफैं विद्यालय गई पढ्न नसक्नेहरूका लागि सुविधा सहितको आवासीय स्कूलको व्यवस्था गर्न शिक्षा मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "शून्य समय" मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै "विशेष समय" मा बोल्नको लागि दलीय आधारमा निम्न बमोजिमका माननीय सदस्यहरूलाई आफ्ना भनाइ राख्न समय  दिनुभयो :

**मा. सुमनराज प्याकुरेल**ले अविरल वर्षाको कारण आएको बाढी र डुबानबाट अति प्रभावित विशेष गरी दुई नम्बर प्रदेशका जिल्लाहरूको सम्माननीय अध्यक्षज्यूको संयोजकत्वमा स्थलगत अनुगमन भ्रमण गरी तयार पारिएको प्रतिवेदनले औंल्याएका अल्पकालीन र दीर्घकालीन सुझावहरूको यथाशीघ्र कार्यान्वयन गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. विन्दा देवी आले**ले पोखरा-लेखनाथ महानगरपालिका-९, न्यूरोडस्थित एस. मिनिमार्केटमा भएको आगलागीमा करोडौंको क्षति भएको बताउनुहुँदै आगलागी पीडितलाई सरकारले तत्काल राहत र क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने माग गर्नुभयो ।

**मा. दिल कुमारी रावल थापा (पार्वती)** ले सुत्केरी महिलाहरूको हवाइ उद्धार सम्बन्धी कार्यविधिमा दुर्गम जिल्ला तथा स्थानीय तहको नामै किटान गरिएकोले अन्य क्षेत्रमा हवाइ उद्धार गर्न नीतिगत जटिलता भएको बताउनुहुँदै उक्त कार्यविधिको दायरालाई फराकिलो बनाउनुपर्नेमा जोड दिनुभयो । त्यसैगरी उहाँले उद्धारका लागि स्थानीय तह, हेलिकोप्टर व्यवस्थापन गर्ने निकाय र अस्पताल बीच प्रभावकारी सञ्चारको विकास हुनुपर्ने, आकस्मिक प्रसूती सेवा प्रदान गर्न सरकारबाट तोकिएका अस्पताल र हेटिकोप्टर उद्धारकर्ता बीचको सञ्चार समन्वय प्रभावकारी बनाउनुपर्ने र हेलिकोप्टरलाई रातिमा समेत सेवा दिन सक्ने (नाइट भिजन) प्रकृतिको बनाउनु पर्नेमा नेपाल सरकारको ध्यानाकार्षण गराउनुभयो ।

**मा. जितेन्द्र नारायण देव**ले पछिल्लो समय संघीय संसद्मा पेश भएका विधेयकहरू संविधानको मर्म र भावना अनुरूप नभएको बताउनुहुँदै यसतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. ठगेन्द्र प्रकाश पुरी**ले जिल्ला समन्वय समितिलाई प्रभावकारी बनाउन सरकार र प्रदेश सभाले उक्त निकायलाई दिनुपर्ने साधन र स्रोतको उचित व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो ।

**मा. रमेश प्रसाद यादव**ले वि.सं. २०७५ चैत्र १७ गते बारा जिल्लामा आएको भयङ्कर हावाहुरीबाट ठूलो जनधनको क्षति भएको सन्दर्भ उल्लेख गर्नुहुँदै सोही जिल्लाको देउताल गाउँपालिका-७ मा ११७ वटा घर पूर्णरूपमा क्षति भएका र वडाध्यक्षको संयोजकत्वमा समिति समेत गठन भएको तर त्यहाँका जनप्रतिनिधिलाई मान्यता नै नदिई बारा जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारीले आफ्नो नेतृत्वमा गई जम्मा ५७ वटा घर मात्र क्षति भएको देखाएपछि हाल त्यहाँ ५७ वटा घर मात्र निर्माण भइरहेका र बाँकी दलित र गरिबी वर्ग घरविहीन भएर बस्नु परेकाले यसतर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो ।

**मा. प्रकाश पन्थ**ले तनहुँ जिल्ला व्यास नगरपालिका-१ स्थित छाब्दी बराही मन्दिर जाने बाटो कालोपत्रे गरेको दुई हप्तामा नै सडक भत्किएको बताउनुहुँदै सडकको गुणस्तरमाथि छानविन गरी लापरवाही भएको खण्डमा कारबाही गर्नुपर्ने माग गर्नुभयो ।

**मा. प्रमिला कुमारी**ले अविरल वर्षाका कारण तराईका धेरै भूभागमा जनधनको क्षति भएको सम्बन्धमा राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष सहितको टोलीले स्थलगत अवलोकन गरी तयार गरेको प्रतिवेदनमाथि संघीय सरकारले विपद् व्यवस्थापन गर्न तर्जुमा गरेको दीर्घकालीन योजना सम्बन्धी जानकारी सदनलाई गराउनुपर्नेमा माग गर्नुभयो ।

**मा. शेर बहादुर कुँवर**ले नेपाल र भारतमा कार्यरत श्रमिकहरूको संख्या यकिन हुनुपर्ने, सीमा अनुगमन गरी लगत लिनुपर्ने र श्रमिकहरूको सुरक्षाका लागि उच्च कूटनीतिक पहल गर्नुपर्नेमा जोड दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले “विशेष समय” मा माननीय सदस्यहरूले बोल्न क्रम समाप्त भएको जानकारी गराउनुहुँदै माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठलाई “काठमाडौं उपत्यका सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठले पेश गर्नुभएको “काठमाडौं उपत्यका सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६ माथि विचार गरियोस्”

भन्ने प्रस्ताव माथि विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउनुहुँदै छलफलमा भाग लिने देहायका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो :

| | | |
|---|---|---|
| १. मा. उदया शर्मा/पौडेल | २. मा. राधेश्याम अधिकारी | ३. मा. कोमल वली |
| ४. मा. बद्री प्रसाद पाण्डे | ५. मा. रामनारायण बिडारी | ६. मा. प्रकाश पन्थ |
| ७. मा. ठगेन्द्र प्रकाश पुरी | ८. मा. जितेन्द्र नारायण देव | ९. मा. डा. विमला राई पौडयाल |
| १०. मा. काली बहादुर मल्ल | | |

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त विधेयकको सैद्धान्तिक पक्षमाथि माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुहुँदै "काठमाडौं उपत्यका सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले पारित भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "काठमाडौं उपत्यका सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६" माथि संशोधन प्रस्ताव राख्न चाहने माननीय सदस्यहरूलाई राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखा, सिंहदरबारमा संशोधन प्रस्ताव दर्ता गर्न सक्ने व्यहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक सम्वत् **२०७६ साल भाद्र ४ गते बुधबार विहान ११:०० बजे** बस्ने गरी **अपरान्ह ३:०५ बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव